# वर्ष ३ अंक २२

# कृषि-मौसम सल्लाह सेवा बुलेटिन

जारी मिति: २३ भदौ २०७४

अवधी: २३ भदौ २०७४—२९ भदौ २०७४

जिल्लाहरु: झापा, मोरङ्ग, संखुवासभा, धनकुटा, सुनसरी, सप्तरी, सिराहा, दोलखा, महोत्तरी, काभ्रेपलाञ्चोक, बारा, धादिङ, चितवन, कास्की, मुस्ताङ्ग, पाल्पा, रुपन्देही, रुकुम, दाङ्ग, बाँके, सुर्खेत, जुम्ला, कैलाली, डोटी, दार्चुला

**जारी गर्ने:**

कृषि विकास मन्त्रालय- जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन सूचना प्रणाली)

नेपाल कृषि अनुसन्धान परिषद्-कृषि वातावरण अनुसन्धान महाशाखा

जल तथा मौसम विज्ञान विभाग – मौसम पूर्वानुमान महाशाखा/ कृषि-मौसम शाखा

## मौसमी सारांश:

- साताभरि नै सामान्य वा पूर्ण रुपले बदली भई केही स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने देखिन्छ।

## बालीनाली सारांश:

- साता भरिनै आंशिक वा पूर्ण रुपले बदलि भई धेरै स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने संभावना भएकोले फलफूल तथा तरकारी बालीमा पानी जमेमा जरा कुहिने रोग लाग्ने हुनाले पानी निकासको व्यवस्था गर्नुहोस्।
- तराईमा आलु लगाउने समय आउन लागेकोले सिफारिस गरिएका कुफ्रि सिन्दुरी, डेजिरे, खुमल रातो २, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल उपहार मध्ये उपलब्ध जातहरूको गुणस्तरीय वीउ ५० किलो प्रति कट्ठाका दरले व्यवस्था गर्नुपर्दछ। साथै डिएपि ७.३ के.जी. युरिया ४.७ के.जी. म्युरेट अफ पोटास ३.३ के.जी. र कम्पोष्ट वा गोठेमल १००० के.जी. प्रति कट्ठाका दरले व्यवस्था गर्नुपर्दछ।
- नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरपाईरीफस १६% ई.सी. (Chlorpyrifos १६% EC) को ०.५ एम.एल. र कार्बेनडाजिम (बेभिष्टिन) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयर बाट नर्सरी ब्याड भिज्ने गरी छर्नु पर्दछ।

## पशुपालन सारांश:

- चाडपर्व नजिकै आउन लागेकोले छिमेकी देशहरुबाट खसी बोका र भेडा च्याङ्ग्रा आयात हुने हुँदा पिपिआर रोग भित्रिने संभावना बढी हुन्छ। त्यसकारण आफ्ना घरमा पालिएका खसी, बोका, बाखा र भेडा च्याङ्ग्राहरुमा पिपिआर विरुद्द खोप लगाइहाल्नुहोस्।
- बाखाको मोओलाको लागी ५% पोभीडन आयोडिन वा १% कपर सल्फेट वा २% बोरिक एसिडको झोल वा १% पोटासको घोलले मुख सफा गर्नु उपयुक्त हुन्छ। मोओलाको भाइरस घाउ, चोटपटक लागेको वा काटेको ठाँउबाट मानिसमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाखालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नुपर्दछ।
- बाखामा देखिने कुम्री (ढकेरी) रोगको रोकथाम गर्न श्रावण देखी कात्तिक सम्म मासिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डी.ई.सी)-१०० एम.जी. खुवाउनु पर्दछ। ढकेरी लागेका बाखाको हकमा दैनिक एक चक्की सात दिन सम्म खुवाउने र साथमा भिटामिन बी कम्पलेक्सको सुई २-३ दिन सम्म लगाउनु पर्दछ।
- वर्षातको समय भएकोले गाई-भैंसीहरुमा भ्यागुते रोग देखा पर्ने र प्रायःगरि तिक्ष्ण लक्षणहरुमा मुख्यतः ८-२४ घण्टा भित्रै गाई-भैंसी मर्ने भएकोले जतिसक्दो छिटो नजिकैको भेटेरिनरि प्राविधिकसँग सम्पर्क गर्नुहोला।

# मौसमी तथ्यांकहरु

## ०९ भदौ २०७४ देखि १५ भदौ २०७४ सम्मको मौसमी तथ्याङ्क

| जिल्ला | मौसमी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल वर्षा (मि.मी.) | तापक्रम (°सेल्सियस) को दायरा | | सापेक्षिक आर्द्रता (%) को दायरा | | हावाको गति (मि/से) को दायरा | हावाको प्रचलित दिशा | कैफियत |
| | | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम | | | |
| झापा | १०३.५ | ३०.०-३५.५ | २२.५-२९.० | ८७-९५ | ७६-९० | - | - | - |
| मोरङ्ग | ७०.७ | २८.८-३५.७ | २५.४-२७.६ | ७६-९६ | ५६-८८ | ०.०-७.५ | पूर्व | - |
| धनकुटा | २२.० | २४.५-२९.८ | १९.९-२१.२ | ८८-९७ | ७३-८१ | ०.०-०.५ | उत्तर | - |
| संखुवासभा | ५९.५ | २४.८-२९.६ | २०.९-२१.८ | ८५-१०० | ८४-९२ | - | - | - |
| सुनसरी | ४३.० | ३२.२-३८.८ | २४.२-२६.५ | ८०-८९ | ७६-८९ | - | - | - |
| ससरी | १८.१ | ३१.०-३४.७ | २५.०-२८.५ | ८४-९४ | ८०-९० | - | - | - |
| सिराहा | ५९.९ | ३२.०-३५.० | २५.५-२७.० | ८२-९४ | ७४-८६ | - | - | - |
| दोलखा | ९७.२ | २४.७-२७.५ | १६.०-१९.० | ९५-९९ | ८२-९५ | - | - | - |
| महोत्तरी | १.० | ३४.०-३६.२ | २६.५-२८.० | ७९-८७ | ७२-८० | - | - | - |
| काभ्रेपलाञ्चोक | ६७.८ | ३१.३-३४.९ | २०.७-२३.२ | ९८-१०० | ८८-९३ | - | - | - |
| बारा | ८.२ | ३३.०-३५.० | २५.०-२६.८ | ८०-९४ | ४१-८४ | १.५-३.५ | पूर्व | |
| धादिङ | ७९.६ | २९.५-३३.० | २१.०-२१.६ | ९३-९५ | ८२-९५ | - | - | - |
| चितवन | १०९.६ | ३१.४-३५.६ | २४.५-२८.५ | ८६-९८ | ७३-९४ | - | - | - |
| कास्की | ५३.८ | ३०.४-३२.६ | २१.४-२३.५ | ९२-९६ | ६३-७३ | ०.०-२.० | पूर्व | - |
| मुस्ताङ | १७.४ | २०.०-२३.० | ९.५-११.० | ७६-९९ | ७५-९१ | - | - | - |
| पाल्पा | ३०.१ | ३०.०-३२.५ | १७.२-१८.५ | ८५-९६ | ७९-९२ | - | - | - |
| रुपन्देही | ३०.५ | ३४.५-३७.५ | २४.९-२७.१ | ७०-९० | ६०-७० | १.५-१३.५ | पूर्व | - |
| रुकुम | १४८.५ | २६.०-३३.० | २०.५-२३.५ | ८२-९६ | ७८-८२ | - | - | |
| दाङ्ग | ७९.० | ३०.२-३२.५ | २२.०-२४.० | ७५-९४ | ६७-८४ | ०.०-२.० | पूर्व | |
| बाँके | १८.० | ३२.५-३४.७ | २५.२-२७.० | ९३-९८ | ६५-८३ | ०.०-४.० | उत्तर | - |
| सुर्खेत | ४७.१ | ३०.३-३३.० | २१.७-२४.२ | ८३-९७ | ६५-७५ | ०.०-३.५ | पश्चिम | - |
| जुम्ला | ५१.९ | १९.०-२५.८ | १३.०-१५.८ | ७८-९५ | ५८-६९ | ०.०-३.० | पश्चिम | |
| कैलाली | २१.० | ३१.४-३५.० | २४.९-२७.४ | ७६-९५ | ६६-८४ | ०.०-२.५ | उत्तर | |
| डोटी | ४९.७ | ३०.०-३५.८ | २१.६-२४.६ | ८६-९५ | ५८-८२ | ०.०-१.० | उत्तर | |
| दार्चुला | ८३.९ | २५.०-३२.० | २१.०-२२.० | ९२-९७ | ८०-९० | - | - | - |

# १६ भदौ २०७४ देखि २२ भदौ २०७४ सम्मको मौसमी तथ्याङ्क

| जिल्ला | मौसमी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल वर्षा (मि.मी.) | तापक्रम (°सेल्सियस) को दायरा | | सापेक्षिक आर्द्रता (%) को दायरा | | हावाको गति (मि/से) को दायरा | हावाको प्रचलित दिशा | कैफियत |
| | | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम | | | |
| झापा | ७१.५ | ३१.५-३५.५ | २३.५-२५.० | ८८-९७ | ५१-९० | - | - | - |
| मोरङ्ग | ६९.४ | ३०.३-३५.४ | २५.०-२७.० | ८३-९२ | ५६-७९ | ०.०-३.५ | पश्चिम | - |
| धनकुटा | ३६.३ | २६.२-२८.६ | १९.४-२१.२ | ८४-९५ | ७१-८४ | ०.०-१.० | उत्तर | - |
| संखुवासभा | ११.८ | २५.३-२९.४ | २०.८-२१.७ | ७८-९८ | ७७-९४ | - | - | - |
| सुनसरी | ३०.५ | ३०.५-३६.० | २४.५-२६.० | ८४-९५ | ७८-९१ | - | - | - |
| सप्तरी | ३९.७ | ३१.५-३४.५ | २५.५-२७.५ | ९३-९६ | ८३-९४ | - | - | - |
| सिराहा | ४०.३ | ३१.५-३५.० | २५.०-२६.५ | ८४-९५ | ८०-८७ | - | - | - |
| दोलखा | ८३.९ | २६.०-२६.५ | १७.४-१८.५ | ९६-९९ | ८७-९४ | - | - | - |
| महोत्तरी | ४.७ | ३०.०-३५.२ | २५.७-२८.६ | ८०-९३ | ७१-८९ | - | - | - |
| काभ्रेपलाञ्चोक | ४२.२ | ३२.०-३४.५ | २१.९-२३.० | ९८-१०० | ८७-९६ | - | - | - |
| बारा | २९.७ | ३१.८-३४.५ | २४.५-२६.५ | ९१-९८ | ७९-९० | ०.०-३.० | पश्चिम | - |
| धादिङ | १४.५ | २९.५-३२.५ | २१.०-२२.२ | ९१-९५ | ७५-८९ | - | - | - |
| चितवन | १४५.७ | ३२.०-३४.३ | २४.२-२६.० | ७९-९८ | ७१-९२ | - | - | - |
| कास्की | ३९४.० | २९.५-३२.० | २१.०-२३.० | ९२-९८ | ६५-७५ | ०.०-१.८ | पूर्व | - |
| मुस्ताङ | ४४.६ | १५.०-२१.५ | ७.५-११.५ | ८७-९१ | ७३-९१ | - | - | - |
| पाल्पा | ४१.५ | २५.५-३०.६ | १६.४-१७.५ | ९२-१०० | ८५-९५ | - | - | - |
| रुपन्देही | ४२.१ | ३१.७-३६.१ | २२.९-२६.१ | ७५-९९ | ६०-७५ | १.०-४.५ | पश्चिम | |
| रुकुम | २.० | ३२.०-३३.५ | २१.५-२२.० | ८५-९७ | ७६-८९ | - | - | |
| दाङ्ग | ७३.० | २९.५-३२.५ | २१.६-२३.० | ८०-९५ | ६८-७८ | ०.०-१.० | उत्तर | |
| बाँके | १२९.५ | २९.५-३५.७ | २३.४-२५.८ | ८९-१०० | ५०-९० | ०.०-५.० | पश्चिम | - |
| सुर्खेत | १७.० | २९.०-३२.७ | २१.०-२३.० | ८१-९४ | ६५-७६ | ०.०-३.५ | पश्चिम | - |
| जुम्ला | ४.५ | २२.६-२५.३ | १३.६-१६.४ | ६८-९० | ४६-७० | ०.०-३.० | उत्तर | - |
| कैलाली | १७.१ | ३१.७-३५.२ | २४.५-२५.८ | ८०-९६ | ६१-८२ | ०.०-२.५ | उत्तर | |
| डोटी | १७.२ | २८.०-३४.५ | २१.१-२३.५ | ८२-९४ | ५६-८१ | ०.०-१.५ | उत्तर | - |
| दार्चुला | ११३.७ | २४.६-३२.५ | १९.०-२१.५ | ८२-९८ | ७१-९७ | - | - | - |

# मौसमी विश्लेषण

| जिल्ला | विवरण | |
|---|---|---|
| | गत हप्ताको समग्र मौसमी विश्लेषण | आउँदो हप्ताको मौसमी अवस्था |
| झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, महोत्तरी | झापा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३५.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ५१% रह्यो। साथै साताभरिमा ७१.५ मिलिमिटर वर्षा भयो।<br>मोरङ्ग जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३५.४° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ५६% रह्यो। साथै साताभरिमा ६९.४ मिलिमिटर वर्षा भयो।<br>सुनसरी जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३६° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७८% रह्यो। साथै साताभरिमा ३०.५ मिलिमिटर वर्षा भयो।<br>सप्तरी जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३४.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ८३% रह्यो। साथै साताभरिमा ३९.७ मिलिमिटर वर्षा भयो।<br>सिराहा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ८०% रह्यो। साथै साताभरिमा ४०.३ मिलिमिटर वर्षा भयो।<br>महोत्तरी जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३५.२° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७१% रह्यो। साथै साताभरिमा ४.७ मिलिमिटर वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने देखिन्छ। |
| धनकुटा | धनकुटा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २८.६° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७१% रह्यो। साथै साताभरिमा ३६.३ मिलिमिटर मात्र वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने देखिन्छ। |
| संखुवासभा | संखुवासभा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २९.४° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७७% रह्यो। साथै साताभरिमा ११.८ मिलिमिटर वर्षा भयो। | साताभरि नै आंशिक वा सामान्य रुपले वदली भई केही स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने देखिन्छ |
| दोलखा, काभ्रेपलाञ्चोक, धादिङ | दोलखा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २६.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ८७% रह्यो। साथै साताभरिमा ८३.९ मिलिमिटर वर्षा भयो।<br>काभ्रेपलाञ्चोक जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३४.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ८७% रह्यो। साथै साताभरिमा ४२.२ मिलिमिटर वर्षा भयो।<br>धादिङ जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३२.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७५% रह्यो। साथै साताभरिमा १४.५ मिलिमिटर वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने देखिन्छ। |
| बारा, चितवन, रुपन्देही | बारा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३४.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७९% रह्यो। साथै साताभरिमा २९.७ मिलिमिटर वर्षा भयो।<br>चितवन जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३४.३° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७१% रह्यो। साथै साताभरिमा १४५.७ मिलिमिटर मात्र वर्षा भयो।<br>रुपन्देही जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३६.१° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६०% रह्यो। साथै साताभरिमा ४२.१ मिलिमिटर वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने देखिन्छ। |
| कास्की, पाल्पा, रुकुम | कास्की जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३२° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६५% रह्यो। साथै साताभरिमा ३९४ मिलिमिटर वर्षा भयो।<br>पाल्पा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३०.६° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ८५% रह्यो।साथै साताभरिमा ४१.५ मिलिमिटर वर्षा भयो।<br>रुकुम जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३३.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७६% रह्यो।साथै साताभरिमा २ मिलिमिटर मात्र वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने देखिन्छ। |
| मुस्ताङ | मुस्ताङ जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २१.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७३% रह्यो।साथै साताभरिमा ४४.६ मिलिमिटर वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का वर्षा हुने देखिन्छ। |
| दाङ्ग, सुर्खेत, डोटी | दाङ्ग जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३२.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६८% रह्यो। साथै साताभरिमा ७३ मिलिमिटर वर्षा भयो।<br>सुर्खेत जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३२.७° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६५% रह्यो। साथै साताभरिमा १७ मिलिमिटर वर्षा भयो।<br>डोटी जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३४.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ५६% रह्यो।साथै साताभरिमा १७.२ मिलिमिटर वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का वर्षा हुने देखिन्छ। |
| बाँके, कैलाली | बाँके जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३५.७° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ५०% रह्यो।साथै साताभरिमा १२९.५ मिलिमिटर वर्षा भयो।<br>कैलाली जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३५.२° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६१% रह्यो। साथै साताभरिमा १७.१ मिलिमिटर वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले रुपले वदली भई केही स्थानहरुमा हल्का वर्षा हुने देखिन्छ। |
| जुम्ला, दार्चुला | जुम्ला जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २५.३° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४६% रह्यो। साथै साताभरिमा ४.५ मिलिमिटर मात्र वर्षा भयो।<br>दार्चुला जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३२.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७१% रह्यो। साथै साताभरिमा १९३.७ मिलिमिटर वर्षा भयो। | साताभरि नै सामान्य वा पूर्ण रुपले वदली भई केही स्थानहरुमा हल्का वर्षा हुने देखिन्छ। |

# कृषि-सल्लाह

## क. बालीनाली

### १. धान

- धान रोपेको ५०-६० दिनमा गोडमेल पछि ३ के.जी. युरिया प्रति रोपनी वा ४.५ के.जी. युरिया प्रति कठ्ठाको दरले टपड्रेस गर्नुपर्दछ।
- छरुवा विधिबाट धान छरेको भए ५०-६० दिनमा गोडमेल गरि २ के.जी. युरिया प्रति रोपनी वा ३.५ के.जी. युरिया प्रति कठ्ठाका दरले टपड्रेस गर्नुपर्दछ।

#### धानको गवारो (Rice Borer)

- वर्षा कम भए संगै धान बालीमा गवारो कीराको समस्या देखिन थालेको छ। गवारो कीराले धान बालीमा बिरुवाको कलिलो अवस्थामा आक्रमण गरेमा मृत गुबा) Dead Heart (देखिन्छ। बिरुवाको फूल फुल्ने अवस्थामा आक्रमण भएमा भुसमात्र भएको सेतो बाला) White Head (देखिन्छ। धान खेतमा ५ %मृत गुबा वा २ %सेतो बाला वा प्रति मिटर एउटा कीराको फुलको झुण्ड वा प्रति मिटर एउटा बयस्क कीरा भएमा मात्र व्यवस्थापन बिधिहरु अपनाउनु पर्दछ।

*यस कीराको प्रकोप कम गर्न* - परजीवि कीरा ,ट्राइकोग्रामा) *Trichogramma chilonis* or *T. japonicum*) १,००,०००) १० x ५ से.मी .को पाँच वटा ट्राइको कार्ड (प्रति हेक्टरका दरले १०/१० दिनको अन्तरालमा ३-४ पटक छोड्नु उपयुक्त हुन्छ) ट्राइको कार्ड को लागी नजिकको कृषि कार्यालयहरुमा सम्पर्क गर्नुहोला ( अथवा व्याक्टेरिया जन्य जैबिक विषादी ,*ब्यासीलस थुरिन्जियन्सिस*) *Bacillus thuringiensis*-Bt (३ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्कन गर्नु पर्दछ अथवा यस कीराको प्रकोप धेरै भएमा यसको ब्यबस्थापन गर्न :सिंचित क्षेत्रमा *थायोडीकार्व* ७५ % डब्लु.पी. (Thiodicarb 75% WP) २ ग्राम प्रति एम.एल .पानीमा मिलाई पानी नपरेको बेलामा स्टिकर मिसाई छर्कनु होला। साथै अन्य क्षेत्रमा *फिप्रोनिल* ०.३ %जी) .Fipronil 0.3% G ( अथवा *कारटाप हाईड्रोक्लोराइड* ४ %जी) .Cartap hydrochloride 4% G (१५ देखी २० के.जी .प्रती हेक्टर को दरले साँझको समयमा छर्कनु होला। विषादी छर्किंदा खेतमा पर्याप्त चिस्यान हुनु जरुरी छ।

#### धानको पतेरो (Rice gundhi bug)

धान खेतमा पतेरो कीरा (Rice gundhi bug) लाग्ने समय भएकोले नियमीत अनुगमन गर्नुहोला। धान बालीमा बाला पसाएपछि दुध भरिने अवस्थामा यसको प्रकोप प्रत्येक बर्ष देखिने गरेको छ।
वयस्क पतेरो कीरा खैरोमा हरियो रङ मिसिएको हुन्छ भने बच्चा पतेरो हरियो हुन्छ। यसको खुट्टा र एन्टिना) Antenna (लामो हुन्छ ,शरीर करिब २० मिलिमिटर हुन्छ। यसलाई समातेर विस्तारै थिच्दा नराम्रो गन्ध छोड्छ। यसको बयस्क र लाभ्रे दुबैले बालीमा क्षती पुर्याउँछ। यसले धानको पात , कलिलो भाग साथै कमलो बालाहरुमा चूसेर नोक्सानी पुर्याउँछ। यसले पातमा बढी आक्रमण गरेमा बोटनै पहेंलिने हुन्छ र बालामा आक्रमण गरेको छ भने दानाहरुमा खैरो दाग देखिने, दानाहरु फोस्रा हुने अथवा आधा फोस्रिएका दाना हुने गर्दछ। धान खेतमा एउटा धानको गाँज (हिल) मा १ वटा बयस्क पतेरो कीरा देखिएमा व्यवस्थापन बिधिहरु अपनाउनु पर्दछ।
यो कीराको नोक्सानी कम गर्नको लागी खेत भित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको बैकल्पिक आश्रय नष्ट गर्ने; प्रकाश पासोको प्रयोग गरि बयस्क कीरालाइ मार्ने; डर्टी ट्रयाप (Dirty trap) को प्रयोग गर्नुपर्दछ।

**स्थानीय रुपमा डर्टी ट्र्याप बनाउने बिधी :** गाई, भैंसीको ताजा पिसावमा कपडा वा जुटको बोरालाई भिजाएर एउटा लट्ठीको छेउमा बाँध्ने र उक्त लट्ठीलाई धानबारीको बीचमा लगेर गाड्ने गर्नुपर्दछ। ट्र्यापमा आकर्षित भएका पतेरोहरुलाई बाहिरपट्टिबाट प्लाष्टिकको झोलाले छोपी संकलन गरी मार्नुपर्दछ।

यो कीराको प्रकोप ज्यादा भएमा *मालाथियान ५० %ई.सी)* .Malathion 50% EC (२ मि.ली .प्रति लिटर अथवा *साइपरमेथ्रीन २५ %ई.सी)* .Cypermethrin 25% EC (०.५ मि.ली .प्रति लिटर पानीका दरले विरुवा राम्ररी भिज्ने गरी साँझको समयमा छर्नु पर्दछ।

## २. उखु

- गवारो कीराहरु व्यवस्थापनको लागि उखु रोपेको एक महिना पछि बाट ट्राइकोग्रामा (*Trichogramma chilonis* or *Trichogramma japonicum*) परजीवी कीरा १,००,००० (१०x५ से.मी. को पाँच वटा ट्राइको कार्ड) प्रति हेक्टरका दरले १०/१० दिनको अन्तरालमा ३–४ पटक छोड्नु उपयुक्त हुन्छ। *(ट्राइको कार्डको लागी नजिकको चिनी मील वा कृषि सम्बन्धी कार्यालयहरु मा सम्पर्क गर्नुहोला।)*

## ३. आलु

- तराईमा आलु लगाउने समय आउन लागेकोले सिफारिस गरिएका कुफ्रि सिन्दुरी, डेजिरे, खुमल रातो २, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल उपहार मध्ये उपलब्ध जातहरूको गुणस्तरीय बीउ ५० किलो प्रति कट्ठाका दरले व्यवस्था गर्नुपर्दछ। साथै डिएपि ७.३ के.जी. युरिया ४.७ के.जी. म्युरेट अफ पोटास ३.३ के.जी. र कम्पोष्ट वा गोठेमल १००० के.जी. प्रति कट्ठाका दरले व्यवस्था गर्नुपर्दछ।
- मकै लगाएको जग्गामा आलु लगाउने भए मकै भित्र्याइसकेको जग्गालाई गहिरो खनजोत गर्नाले माटोमा रहेका धेरै कीरा तथा रोगहरुको व्यवस्थापन गर्न सहयोग पुग्छ।
- मध्यपहाडको बारी जग्गामा भदौमा रोप्ने आलु रोप्नुहोस्।
- आलुको पुतलीले सामान्यतया आलु भण्डारणमा ज्यादा नोक्सानी गर्ने भएकोले यसको नियन्त्रणको लागि बोझोको गानोको धुलो २ ग्राम प्रति के.जी. आलुको दरले मिसाउने वा तीतेपातीका टुक्रा आलुको तहमाथि राखिदिने वा बीउ आलुको हकमा *मालाथियन* ५०% इ.सी., २ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई छर्कनु पर्दछ।

## ४. भटमास

### भटमासमा लाग्ने झुसिलकीरा

यो कीराले भटमासको पुर्ण विकसित नयाँ पातको तल्लो पट्टि हल्का हरियो रंगको गोलाकार फुलहरु थुप्रो-थुप्रोमा पार्दछ। यसबाट निस्कने लार्भाहरुको शरीर रातो र कालो झुसले भरिएको हुन्छ। शुरुको अवस्थामा एकै ठाउँमा समूह बनाई पातको हरियो भाग खान्छ र ठुलो भएपछि लार्भाहरु यत्र तत्र छरिएर खान थाल्छ।





यस कीराको व्यवस्थापनको लागी झुसिल कीराका फुल वा लार्भाहरु भएका पातहरु टिपेर मट्टितेल पानीमा डुवाउनु उपयुक्त हुन्छ। साथै, यस कीराको व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा *Ha*NPV (हेली एन. पि. भी ) २५० LE को १.५ एम. एल. हालेर साँझको समयमा छर्कने गर्नुपर्दछ,

अथवा व्याक्टेरिया जन्य जैबिक विषादी, *ब्यासीलस थुरिन्जियन्सिस* (*Bacillus thuringiensis*-Bt) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्कनु पर्दछ अथवा यसको प्रकोप बढी देखिएमा मात्र *अल्फाम्याथ्रिन* १०% इ.सी. (*Alphamethrin* 10% EC) १.५ एम.एल. प्रति लिटर पानीमा मिसाएर २० लिटर प्रति कठ्ठाको दरले पात भिज्ने गरी छर्नु उपयुक्त हुन्छ।

## ५. फलफूल बाली

- सामान्यतया साताभरि नै सामान्य बदली भई धेरै स्थानहरुमा हल्का देखि मध्यम खाले वर्षा हुने सम्भावना भएकोले फलफूल तथा तरकारी बालीमा पानी जमेमा जरा कुहिने रोग लाग्ने हुनाले पानी निकासको व्यवस्था गर्नुहोस्।
- सुन्तलाको फेद कुहिने समस्याको लागि एन्टि रट १०-१५ एम.एल. प्रति लिटर पानीमा घोली वृद्दि भइसकेको पातमा १२ लिटर प्रति बोटको दरले बोटको पुरै पात भिज्ने गरिछर्नुहोस्। यदि १ वर्ष पुरानो बोट हो भने ५-१० एम.एल. प्रति लिटर पानीमा घोली छर्नुहोस्।

**केराः**

- केराको काइयो बनिसके पछि बुङ्गो काटेर हटाउनाले कोसाहरु प्रष्ट भइ घरिको तौल बढ्ने हुँदा नियमित अवलोकन गरि बुङ्गो हटाउनुहोस्।
- केराको बोट ओइलाउने रोग लागेमा प्राविधिकबाट जाँच गराई ढुसिबाट लागेको भएमा *कपर अक्सिक्लोराईड* २-३ ग्राम प्रति लिटर पानीमा घोलेर १० दिनको फरकमा ३ पटक जरा भिजाउनुपर्दछ र व्याक्टेरियाबाट ओइलाउने रोग लागेको भएमा कासु-बी (कासुगामाईसिन) १ ग्राम प्रति लिटर पानीमा घोलेर १५ दिनको फरकमा २-३ पटक जरा भिजाउनुपर्दछ।

## ६. तरकारी बाली

- नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न *क्लोरपाईरीफस* १६% ई.सी. (Chlorpyrifos 16% EC) को ०.५ एम.एल. र *कार्बेनडाजिम* (बेभिष्टिन) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयर बाट नर्सरी ब्याड भिज्ने गरी छर्नु पर्दछ।

### गोलभेंडाको (दक्षिण अमेरिकी) पात खन्ने कीरा (*Tuta absoluta*) को व्यवस्थापन विधिहरुः

- कीरा लागेको क्षेत्रबाट अन्य क्षेत्रमा गोंलभेंडा तथा बिरुवा ओसारपसार नगर्ने। टाँसिने पासो वा पानीको पासोमा फेरेमोन प्रयोग गरि कीराको अनुगमन गर्ने। जंगली आश्रयदाता बिरुवाहरु, धतुरो र कालीगेडी जस्ता बिरुवाहरु हटाउने। गोलभेंडा खेती सकी सकेपछि बालीका अवशेषहरु नष्ट गर्ने। कीरा लागेको क्षेत्रमा *सोलेनेसी* परिवारको बालीहरु जस्तै आलु, भण्टा, खोर्सानी, सुर्ती तथा *लेगुमिनेसी* परिवारका सिमी, बोडी, बकुल्ला जस्ता आश्रयदाता बिरुवाहरु नलगाउने। कीरा लागेका पात, फल तथा मुना संकलन गरि गहिरो गरि पुर्ने वा प्लाष्टिकको थैलामा बन्द गरि कुहाउने।
- यस कीराको फेरोमोन लुर (*Tuta absoluta*) ओटाटि ट्र्याप वा स्टिकी ट्र्याप प्रति रोपनी २ वटा प्रयोग गर्ने। बत्तीको पासोको प्रयोग गरि वयस्क कीराहरु मार्ने।
- कीरा लागेको सुरुको अवस्थामा *ब्यासिलस थुरिन्जीनेसिस कुरष्टाकी* (*Bacillus thuringiensis var. Kurstaki*) २ ग्राम प्रति लिटर पानीमा घोलेर साझ पख बोट भिज्ने गरि छर्किने। धेरै कीरा लागेको अवस्थामा *क्लोरएन्ट्रानिलिप्रोल* (*Chlorantraniliprole* 18.5 % SC) वा *स्पिनोसाड* (*Spinosad* 45% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर छर्ने। एउटै बिषादी निरन्तर प्रयोग नगरि आलोपालो प्रयोग गर्ने।
- गोलभेंडामा डढुवाको प्रकोप कम छ भने *मेन्कोजेब* ७५% डब्लु.पि २.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्ने र बढि छ भने *क्रिलाक्सिल* एम.जेड. ७२% डब्लु.पि. को धुलो २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुपर्दछ।
- गोलभेंडामा लाग्ने गवारो (Fruit borer) कीरा व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा *Ha*NPV (*हेली* एन.पि.भी ) २५० LE को १.५ मि.लि हालेर साँझको समयमा स्प्रे गर्नुपर्दछ,

अथवा व्याक्टेरिया जन्य (बी.टी ) Bt (डाई पेल, बायो लेप ) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा स्प्रे गर्नुपर्दछ, <u>अथवा</u> क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.४ मि.लि. प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ। साथै कीराले नोक्सानी गरेका फलहरु संकलन गरी खाडलमा पुरिदिनु पर्छ।

- भण्टाको डाँठ तथा फलको गबारो व्यवस्थापनको लागी गवारोको कारण ओईलाएको मुन्टा, पात तथा फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने। *क्लोरानट्रानिलिप्रोल (कोराजेन)* १८.५ इ.सि., ०.२ एम.एल. प्रति लिटर पानीमा मिसाई साँझपख छर्नुपर्दछ।
- बिभिन्न बालीहरुमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा जैविक विषादी, *भर्टिसिलियम लेकानी* २ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कने र प्रकोप ज्यादा भएमा *एसिटामाइप्रिड* २०% एस.पि. (इक्का, माजिक) १ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुपर्दछ।
- खुर्सानीमा भाइरस रोग लागेको भएमा *भिर्कोन एच* झोल १ एम. एल. प्रति लिटर पानीमा मिसाइ छर्कनु पर्दछ।
- भिण्डीमा फड्के कीरा (Jassid) को समस्या देखिने हुनाले फल टिप्ने अवस्था भन्दा पहिले यसको प्रकोप देखिएमा फिप्रोनील ८० डब्लु.पी. ५ ग्राम १६ लिटर पानीमा घोलेर छर्नुपर्दछ <u>वा</u> *इमिडाक्लोप्रिड* १७.८ एस्.एल्. १ एम.एल. १ लिटर पानीमा घोलेर छर्नुपर्दछ। फल टिप्ने अवस्था छ भने *मालाथियन* ५० इ.सी. २ एम.एल. १ लिटर पानीमा घोलेर छर्नुपर्दछ <u>वा</u> *डाइक्लोरोभस* ७६ इ.सी. २ एम.एल. १ लिटर पानीमा घोलेर छर्नुपर्दछ। *मालाथियन* छर्केको ७ दिनसम्म र *डाइक्लोरोभस* छर्केको ५ दिनसम्म फल टिप्न हुदैन।

## फल कुहाउने औँसा (Fruit fly)

- काँक्रो, फर्सी, समुहको लहरे बालीमा फल कुहाउने औँसाबाट बच्नको लागि क्यु ल्युर युक्त बोटल ट्र्याप प्रति कट्ठा ५-६ ओटाको दरले राख्नुपर्दछ। यस्ता बोटल ट्रयापहरु प्रत्येक २ हप्तामा परिवर्तन गर्नुपर्दछ।
- फलफूल बालीमा फल कुहाउने औँसाबाट बच्नको लागि *मिथायल इयुजिनल* युक्त बोटल ट्र्याप प्रति कट्ठा १ ओटाको दरले राख्नुपर्दछ। यस्ता बोटल ट्रयापहरु प्रत्येक २ हप्तामा परिवर्तन गर्नुपर्दछ।
- *मालाथियन* ५० इ.सी, २ एम.एल प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाँउमा फूल फुल्नु अगाडि देखि १-१ महिनाको अन्तरमा छर्नु पर्दछ।

## फल कुहाउने औंसाको व्यवस्थापनको तरिकाः-

- यो कीराको अनुगमन गर्न, भालेको लागी सुन्तला लगायतका फलफुलहरुमा पाराफेरोमोनमा आधारित *जोना-ट्रेक* (Zona-trac) तथा तरकारी बालीहरुमा *क्यु-ट्रेक* (Cue-trac) र पोथी झिंगाको लागि जैविक-आकर्षक *फेमिल्युर* (Femi lure) प्रयोग गर्नुपर्छ।छुट्टा-छुट्टै फ्लाई *केचरट्रेप* (McPhail Trap) मा एक-एक किसिमको मात्र ल्युर (Lure) र आकर्षित भई आएका कीराहरुलाई मार्न डीडीभिपी ट्रेपिंग स्ट्रिप (DDVP trapping stripe) राखी प्रयोग गर्नुपदर्छ।१-१ महिनाको अन्तरालमा जोनाट्रेक, क्युट्रेक, फेमिल्युर र डीडीभिपी ट्रेपिंग स्ट्रिप फेर्दै जानुपर्दछ।
- झिंगालाई सामुहिक रुपमा आकर्षित गरि मार्न *फेमिल्युर* मा झिंगा देखिने बित्तिकै सेरानोक बेट स्टेसन (Ceranok bait station) बोटको हाँगामा झुन्ड्याई प्रयोग गर्नु पर्दछ र चार महिना पछि पुनः उल्लेखित संख्या थप्दै जानुपर्दछ। पहिलो बर्ष प्रथम पटक प्रति हेक्टर १०० र चार महिनापछि अर्को ७५ वटा, त्यसै गरी दोश्रो बर्ष पहिलो पटक ७५ र चार महिना पछी पुनः अर्को ७५ तथा तेश्रो बर्ष देखि हरेक बर्ष पहिलो पटक ७५ र चार महिना पछि ५० वटाको दरले सेरानौक बेट स्टेसन प्रयोग गर्दै जानुपर्दछ।
- यी उल्लेखित सामग्रीहरु पाउनको लागि नजिकैको कृषि निकायमा वा कीट बिज्ञान महाशाखा, NARC मा सम्पर्क गर्नुहोस्।

| | | | |
|---|---|---|---|
| फल कुहाउने झिंगाहरु  | फल कुहाउने औंसाले गरेको क्षती  | ल्युर सहितको क्युट्रेक रहेको पाउच  | फ्लाई केचर ट्रेप (McPhail Trap)  |
| केचर ट्रेप मा राखिएको फेमिल्युर र डीडीभिपी ट्रेपिंग स्ट्रिप  | बालीमा झुण्ड्याएर राखेको फ्लाई केचर ट्रेप  | माटोको उपचार गर्ने रिचार्ज (Recharge) नामक जैविक बिषादि  | बालीमा झुण्ड्याएर राखेको सेरानोक बेट स्टेसन  |

## ७. मौरी

- वर्षातको समयमा मौरीलाई चरन कम हुने भएकोले चिनी चास्नी बनाएर खुवाउनुहोला। साथै घार राखेको सबै खुट्टाहरुमा कचौरा/प्लास्टिकको बट्टामा पानी राख्नुहोला। मौरी घारमा रोग, सुलसुले र रानु भए-नभएको नियमित अवलोकन गर्नु होला। तापक्रम र आर्द्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul brood disease) लाग्ने सम्भावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नु होला।

## ८. अन्य

- खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुदैनन्। तसर्थ कीरा देखिने बित्तिकै विषादीको प्रयोग नगरौं। मित्रजीव कीराहरु जस्तै माकुरा, गाइने कीरा, सात थोप्ले खपटे कीरा, बारुला, नमस्ते कीरा (*प्रेइङ्ग मेन्टीड*) देखिएमा तिनीहरुको संरक्षण र सम्बर्धन गरौं।

### लाही कीरा (*एफीड* )

- १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरी राखेर लाही लागेको ठाँउमा भिज्ने गरी भोलीपल्ट छर्कनु राम्रो हुन्छ। *डाइमेथोएट* ३०% ई.सी., २ एम.एल. प्रति लिटर पानीमा वा प्रकोप ज्यादा भएमा *मालाथियन* ५०% इ.सी.,२ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ।

# ख. पशुपालन

## १. गाई, भैंसी, भेडा, बाख्रा

- चाडपर्व नजिकै आउन लागेकोले छिमेकी देशहरुबाट खसी बोका र भेडा च्याङ्ग्रा आयात हुने हुँदा पिपिआर रोग भित्रिने संभावना बढी हुन्छ। त्यसकारण आफ्ना घरमा पालिएका खसी, बोका, बाख्रा र भेडा च्याङ्ग्राहरुमा पिपिआर विरुद्द खोप लगाइहाल्नुहोस्।
- हालसालै गएको बाढीको कारणले तराईको जिल्लाहरुमा मरेका पशुवस्तुहरु सडेर वातावरण दुर्गन्धित हुने तथा रोगहरु फैलिन सक्ने भएकोले उचित व्यवस्थापनको लागि खाल्डो खनेर उक्त सिनुहरु राम्ररी पुरिदिनुहोला।
- बाख्रामा देखिने कुम्री (ढकेरी) रोगको रोकथाम गर्न श्रावण देखी कात्तिक सम्म मासिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डी.ई.सी)-१०० एम.जी. खुवाउनु पर्दछ। ढकेरी लागेका बाख्राको हकमा दैनिक एक चक्की सात दिन सम्म खुवाउने र साथमा भिटामिन बी कम्पलेक्सको सुई २-३ दिन सम्म लगाउनु पर्दछ।

- बाख्राको मोओलाको लागी ५% पोभीडन आयोडिन वा १% कपर सल्फेट वा २% बोरिक एसिडको झोल वा १% पोटासको घोलले मुख सफा गर्नु उपयुक्त हुन्छ। मोओलाको भाइरस घाउ, चोटपटक लागेको वा काटेको ठाँउबाट मानिसमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाख्रालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नुपर्दछ।

- भारी वर्षाले गर्दा हुने बाढीमा मुसाको मुत्र बाट सर्ने *Leptospirosis* नामक *जुनोटिक* रोगको प्रकोप बढि हुने भएकाले धान/खेतबारीमा खाली खुट्टा जानु उपयुक्त हुदैन र बुट लगाउन पर्दछ।
- पशुहरुमा विभिन्न कारणले (जस्तै- रोग, प्राकृतिक प्रकोप, आगजनी तथा अकाल) मृत्यु हुन सक्ने भएकोले समयमै आफ्नो पशुको विमा गराउनुपर्दछ।
- दुधालु गाईवस्तुलाई थुनेलो (Mastitis) को समस्याबाट बचाउन गोठ सफा र सुग्घर राख्नुहोस्। साथै ग्लिसिरिन र पोभिडन आयोडिन १:९ को अनुपातमा बनाइएको झोलमा दुध दुहिसकेपछि ३० सेकेण्डसम्म थुन डुबाउनु (Teat dipping) पर्दछ।
- वर्षातको समय भएकोले गाई-भैंसीहरुमा भ्यागुते रोग (पशुलाई सास फेर्न गाह्रो भएर भ्यागुता कराएको जस्तै आवाज निस्कन्छ) देखा पर्न सक्दछ। प्रायःगरि तिक्ष्ण लक्षणहरुमा मुख्यतः ८-२४ घण्टा भित्रै गाई-भैंसी मर्ने भएकोले जतिसक्दो छिटो नजिकैको भेटेरिनरि प्राविधिकसँग सम्पर्क गर्नुहोला।
- वर्षातको समयमा गाई लगायत भैंसी र भेडाबाख्राहरुमा चरचरे रोग (सुन्निएको ठाउँमा छाम्दा चर-चर आवाज आउने) देखा पर्न सक्दछ। यसको उपचारको लागि जतिसक्दो छिटो नजिकैको भेटेरिनरि प्राविधिकसँग सम्पर्क गर्नुहोला।
- यस समयमा किर्नाको संख्यामा बृद्दि भई समस्या देखिन थालेमा पशुलाई सफा पानीले नुहाइदिने, गोठ ओभानो र सफा राख्ने र प्रकोप अत्याधिक भएमा १ भाग सूर्तीको पातको झोल १० भाग पानीमा मिसाई बनाएको झोल अथवा बोझोको पातको रस २-३ दिनको फरकमा ३-४ पटकसम्म शरीरभरि लगाइदिनुहोस्।
- किर्नाको टोकाईबाट गाई, भैंसी बेविसिया रोग देखा पर्नसक्छ। पशुहरुमा उच्च ज्वरो आउने, रातो रंगको पिसाव फेर्ने, लड्खडाउने, रक्तअल्पता, अरुचि जस्ता लक्षण देखिन सक्दछ। यस्तो समस्या देखिएमा नजिकैको भेटेरिनरि प्राविधिकसँग पशुको रगत जचाँउनु पर्दछ।
- गर्मी मौसममा दुधालु गाईहरुको वाली लाग्ने दर (conception rate) २०-२७% ले घट्ने र ऋतु चक्रमा देखाउने लक्षणमा कमि हुने गर्दछ। गर्मीको तनाव (Heat stress) का कारण पशुवस्तुको पाठेघरमा विकास भइरहेको भ्रुणको वृद्धिमा कमी आउनुका साथै गर्भ तुहिने सम्भावना बढि हुन्छ। त्यसकारण आफ्नो हावापानी सुहाँउदो स्थानीय तथा नश्ल सुधार गरिएका पशुवस्तुहरु पाल्नुहोस र आफ्नो हावापानी सुहाउँदो खोर गोठ निर्माण गरि प्रशस्त पानीको व्यवस्था गर्नुहोला।
- वर्षायाममा सापेक्षिक आर्द्रता बढि हुने भएकोले पशु-वस्तुलाई खुवाउने पराल दानालाई सफा र ओभानो ठाँउमा भण्डारण गर्नुपर्दछ। चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्छ जसले गर्दा पशु-वस्तुको पाचनक्रियामा समस्या आउनुका साथै बिष उत्पन भई पशु-वस्तु मर्न सक्दछन। त्यसैगरी भण्डारण गरिएको परालमा ढुसिको संक्रमण हुनसक्ने भएकोले बेला-बेलामा निरीक्षण गर्नुपर्दछ।
- शंखेकीराको प्रकोप भएको पानी जमेको ठाउँमा अथवा सिमसार क्षेत्रमा पशु-वस्तुलाई चराउन लैजानु हुँदैन। ती ठाउँका घासपात पशुबस्तुले खाँदा नाम्ले रोग लाग्न सक्दछ।

## बर्षायाममा बाख्राको खोरको व्यवस्थापन

- पानी परेको बेलामा अनिवार्य रुपमा टाट्नोको प्रयोग गर्ने।
- बस्ने गोठ सफा,ढुङ्गा वा काटेको फल्याकले छोपेर समथर बनाईएको र भूँईमा सोत्तरको ब्यबस्था भएको।
- पिसाव ढलबाट बगेर मल खाडलमा जाने ब्यबस्था भएको।
- स्वच्छ हावा बाहिर र भित्र ओहोर दोहोर हुने र उज्यालो आउने ब्यबस्था भएको।
- मल खाल्डो/गोठ भन्दा टाढा राख्ने।

- हावाको आदान प्रदानका लागि झ्यालको राम्रो व्यबस्था गर्ने।
- जमिनबाट २-३ फीट (९० से.मी.) उचाइमा काठ वा बाँसका कप्टेराहरु प्रयोग गरि आधा इन्चको फरक गरि बनाइएको टाँड मुनि थुप्रिएको बड्कौला प्रत्येक दिन सफा गरि मल खाडलमा हाल्ने।
- बोका, माऊ, पाठापाठी र बिरामी बाख्रालाई अलग-अलग खोरमा राख्ने।

## २. कुखुरा, हाँस

- आगामी हप्ता सामान्यतया बदली भई पानी पर्ने संभावना भएकोले कुखुरा फार्महरुमा रोगहरुको संक्रमण बढ्ने सम्भावना भएकोले संक्रमणबाट बचाउन फार्महरुमा जैविक सुरक्षा अपनाउनुहोस्।
- कुखुराको सुलीमा धेरै आर्द्रता हुने भएकोले धेरै एमोनिया उत्पादन भई श्वासप्रश्वास सम्वन्धी समस्या हुने हुँदा खोरमा राम्रो भेन्टीलेशनको व्यवस्था गर्नुपर्दछ।
- गर्मी मौसममा कुखुराको भालेको प्रजनन क्षमतामा कमी आउने हुनाले ब्रिडिङ्ग स्टकमा भालेको संख्या बढाएर १२-१५% सम्म राख्नुपर्दछ। साथै दानामा भिटामीन-ई तथा सेलेनियमको मात्रा बढाउनु उपयुक्त हुन्छ।
- गर्मी मौसममा कुखुरामा देखा पर्ने लक्षणहरु जस्तै- चाँडो-चाँडो सास फेर्ने, पानी धेरै खाने, दाना कम खाने, पखेटा र खुट्टा फालेर बस्ने, अण्डा उत्पादनमा कमी आउने, खोरमा कुखराहरुको मृत्यु हुने आदी भएमा पर्याप्त भेन्टीलेसन प्रदान गर्ने, कुखुराको घनत्व कम गर्ने, तापक्रम ३० डिग्री सेल्सियस वा बढि रहेका बेला (दिँउसो १२-३ बजे सम्म) दाना नदिने, पर्याप्त मात्रामा सफा, चिसो पानीको व्यवस्था गर्नु पर्दछ। साथै पानीमा इलेक्ट्रोलाईट र मल्टी भिटामीन राखेर दिनुपर्दछ।

## ३. माछा

- माछा पोखरीमा अक्सिजनको मात्रा बढाउन हावा यन्त्र (aerator) को प्रयोग गर्नुपर्दछ।
- माछामा इ.यु.एस. रोग लागेमा घरपोल्ने चूना १५ के. जी. प्रति कठ्ठाको दरले हाल्नुपर्दछ। रोगको प्रकोप हेरी १ महिनाको अन्तरालमा बढीमा तीन पटक चूनाको प्रयोग गर्नुपर्दछ।
- माछामा लाग्ने लर्निया र आर्ग्युलस (माछाको जुम्रा) को उपचारको लागि *ड्युरोक्लिन* ३० एम.जी. प्रति के. जी. को दरले दानामा राखेर खान दिनुपर्दछ। साथै माछाको घनत्व (stocking density) कम गर्ने, पोखरीभित्र ठाँउ-ठाँउमा बाँस गाड्ने र उक्त बाँसलाई ३-४ दिनको अन्तरमा झिकेर सफा गर्ने र सुकाउने, पोखरी सफा राख्ने र माछा पोखरीको फोहोर पानी हटाई सफा पानी राख्नुपर्दछ।
- माछा पोखरीमा एमोनियाको मात्रा बढी भएमा पोखरीमा माछाको घनत्व (stocking density) कम गर्ने, दानाको मात्रा घटाउने, पानीको गहिराई बढाउने, एरेटरको संख्या बढाउने आदी गर्न सकिन्छ। मरेका माछालाई तत्काल हटाउनुपर्दछ। अपरान्हमा अत्याधिक पि एच (pH) हुने गरेको भए चूना प्रयोग गर्दा केही लाभदायी हुन्छ।
- एमोनियाको मात्रा १ पिपिएम (PPM) छ भने पोखरीको २५% पानी विस्थापन गर्नुपर्दछ। एमोनिया २.५ पिपिएम (PPM) वा बढी भएमा माछालाई अर्को पोखरीमा सार्नुपर्दछ।
- ट्राउट माछामा रगत मिसिएको रातो छेर्ने भएमा कक्सिडियोसिसको समस्या भएको हुनसक्छ। यसको समाधानको लागि *एम्प्रोलियम* (Amprolium) २०० एम.जी. प्रति के.जी. शारीरिक तौलको दरले दानामा मिसाई १२ दिनसम्म खुवाउनुपर्दछ।

## नाम्ले / माटे रोग

- पशुहरुमा नाम्लेको परजिवी देखिएमा निम्न अनुसारको उपचार गर्नु होला।
    - अक्सिक्लोजनाइड (Oxyclozanide) १० मि.ग्रा. प्रति किलो शारीरिक तौल अनुसार एक पटक खान दिनुहोला। १ ग्राम बोलस प्रति १०० किलो शारीरिक तौल अनुसार तथा झोल औषधी ३०० किलो शारीरिक तौल भएका पशुलाई ९० एम.एल. एकपटकमा खान दिनु होला। भेडा बाख्रालाई २०० मि.ग्रा. को एक ट्याब्लेट प्रति १३ किलो शारीरिक तौल अनुसार खान दिनुहोला। यी औषधीहरु दुहुना, ब्याउने सबै प्रकारका पशुमा दिन सकिन्छ।

- ट्राइक्यालबेन्डाजोल (Tricalbendazole) १२ मि.ग्रा. प्रति किलो शारीरिक तौल अनुसार खान दिंदा निकै प्रभावकारी हुन्छ। ९०० मि.ग्रा. को एक बोलस प्रति ७५ किलो शारीरिक तौल अनुसार खान दिनु होला। २५० एम. जी. को १ ट्याब्लेट १५ किलो शारीरिक तौल भएक भेडा बाख्रालाई खान दिनु होला। दुहुना ब्याउने सबै प्रकारका पशुहरुमा दिने सकिन्छ।
- लिभर टोनिक झोल वा पाउडर ठूलो पशुलाई ४०—६० ग्राम, सानो पशुलाई १५—२० ग्राम दैनिक खान दिनु होला।

## कृषि-मौसम सल्लाह सेवा वुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क्र.सं. | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. दीपक भण्डारी | बाली रोग विज्ञान | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | env@narc.gov.np<br>deepak359@hotmail.com | ९८५१२४५२१४ |
| २ | घनश्याम मल्ल | कृषि वातावरण | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | ghanashyam_99@hotmail.com | ९८४१६२१३८८ |
| ३ | दयामणी देवी गौतम | बाली विज्ञान | बाली विज्ञान महाशाखा, खुमलटार, | dayamani.gautam@gmail.com | ९८४१३२२८१३ |
| ४ | मनोज कुमार ठाकुर | कृषि सञ्चार | सञ्चार, प्रकाशन तथा अभिलेख महाशाखा, खुमलटार | thakur27819@gmail.com | ९८५१२१६२९६ |
| ५ | सालिकराम गुप्ता | बाली प्रजनन | कृषि वनस्पति महाशाखा, खुमलटार, ललितपुर | gupta.salikram3@gmail.com | ९८४१५८२५७४ |
| ६ | डा. कालिकाप्रसाद उपाध्याय | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार | kalikaupadhyay@yahoo.com | ९८६०७९९७५३ |
| ७ | बिष्णु प्रसाद पौडेल | माटो बिज्ञान | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | bishnu.env@gmail.com | ९८४२६९१७२३ |
| ८ | डा. अर्चना श्रेष्ठ | मौसम विज्ञान | जल तथा मौसम विज्ञान विभाग, नक्साल | shresthamet@gmail.com | ९८४१२९९०९४ |
| ९ | विभूती पोखरेल | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि. अ. बि. | info@mfd.gov.np | ०१-४११३१९१ |
| १० | समि कुँवर | कृषि मौसम | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना, कृषि विकास मन्त्रालय | samikunwar@gmail.com | ९८५११९१९७१ |
| ११ | हरि प्रसाद रेग्मी | कृषि | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना, कृषि विकास मन्त्रालय | hariregmi14@gmail.com | ९८४५१९६९९३ |
| १२ | डा. टेक प्रसाद गोतामे | फलफूल बाली | वागवानी अनुसन्धान महाशाखा, खुमलटार | gotame@gmail.com | ९८४३५७६३२९ |
| १३ | भोजन ढकाल | पशु विज्ञान | राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, खुमलटार | nickbhojan@gmail.com | ९८४५३६८५१४ |
| १४ | सुशिल लामिछाने | माटो विज्ञान | माटो विज्ञान महाशाखा, खुमलटार, ललितपुर | sushil.longroof@gmail.com | ९८५११६१२४६ |
| १५ | रामेश्वर रिमाल | कृषि मौसम | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १६ | सञ्जय विष्ट | कीट विज्ञान | कीट विज्ञान महाशाखा, खुमलटार | sanjayabista@gmail.com | ९८५११९१३९० |
| १७ | नविन गोपाल प्रधान | तरकारी बाली | वागवानी अनुसन्धान महाशाखा, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| १८ | रुपा वास्तोला | पशु आहारा | पशु आहारा महाशाखा, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |

~§§§§§§§§§§§§§§§§§§~